



# अध्याय -१२

## परमेश्वरको लालमोहर छाप र पशुको छापः भाग २






**यस अध्यायको मूल सार पदः "कैदमा जानुपर्ने कैदमा नै जानेछ, तरवारले मारिनेचाहिँ तरवारले नै मारिनेछ। सन्तहरूको सहनशीलता र विश्वास यसैमा छ।" प्रकाश १३:१०।**

पन्द्रौं शताब्दीतिर उत्तर इटालीको आल्प पहाडको पियडमन्ट उपत्यकाहरू बाल्डनसिसहरूका घर थिए। तिनीहरूले बाइबलको ज्ञानमा आफूले बुझेको अनुसार चल्न र त्यसकै विश्वासमा अडिग भएर बस्ने अठोट निर्णय गरेका थिए। ख्रीष्टप्रति तिनीहरूको अटल बफादारीले गर्दा तिनीहरूलाई भयानक सतावट दिएको थियो। सन १४८८मा ल्वायसी उपत्यकामा रहेका वाल्डनसिसहरूलाई तिनीहरूको आस्थाको कारण रोमन क्याथोलिक चर्चले निर्मम हत्या गरेको थियो।

सत्रौं शताब्धीमा अर्को सतावटको बाढी आएको थियो। सिभोइको राजकुमारले तिनीहरूको क्षेत्रमा ८००० सैनिकहरू पठाएको थियो। तिनीहरूको घरमा आफ्ना सिपाहीँहरूलाई बस्न देऊ भनेर माग गरेका थिए। तिनीहरूले ती सिपाहीँहरूलाई बस्न ठाउँ त दिए तर ती वाल्डेनसिसहरूलाई

हत्या गर्ने त्यो रणनीति थियो। १६५५, अप्रिल २४को बिहानै चार बजे ती सिपाहीँहरूले मानिसहरूको आमहत्या गर्न सूचना दियो। त्यसबेला ती रोमन क्याथोलिक चर्चका मतियारहरूले ४००० भन्दा बेसी मानिसहरूको निर्मम हत्या गरेका थिए।

दुर्भाग्यवस, इतिहास प्रायजसो फेरि दोहोरिन्छ। "पशुको छाप" यो भविष्यवाणी हो जब परमेश्वरलाई नमान्ने र बाइबल सम्मत चल्न नचाहने धार्मिक र गैरधार्मिक समूहहरूले परमेश्वरप्रति बफादार रहनेहरूलाई भयानक सतावट दिइनेछ भनेर उल्लेख गरिएको छ। येशूमानमात्र निष्ठावान भएर बस्नेहरूलाई सास्ती र सतावट दिने संस्कार युगौं युग सम्म चलिरहेको छ। विगतको सतावट जस्तै यस बेला पनि परमेश्वरका जनहरूलाई सताउने योजना बनाइनेछ। कठित इसाईहरू र राज्यका निकायहरू मिलेर पारित गरेको केही सिद्धान्त वा विश्वासहरू र आराधना गर्ने नियमलाई सबैले मान्न जबरजस्ती लागु गर्नेछ। तर विगतको समयमा पनि आफ्ना ज्यानहरूको बाजी राखेर ती मानवीय र कठित इसाई कानुनहरू परमेश्वरप्रति बफादार हुने मानिसहरूले नमान्न अडिग रहनेछन्। परमेश्वरले आफ्ना बफादार जनहरू त्यस भयाभव समयमा पनि खडा गर्नुहुनेछ।

## १. घाइटे घाऊ

प्रकाश १३ र १४मा उल्लेख गरिएको पशु गलत आराधना गराउन लगाउने विश्वव्यापी शक्ति प्रणाली हो भनेर हामी अध्ययन गरिरहेकाछौं। बाइबल सम्मत परमेश्वरलाई बाहेक अरू तत्वहरूलाई पूजा गराउन त्यस पशुले राष्ट्रका सरकारहरूसँग मिलेर जबरजस्ती धार्मिक कानुन कार्यान्वयन गर्नेछ। तर, त्यो भन्दा अझ बढि विषय छ जुन हामी अघि पढ्नेछौं।

**विगतको शताब्दीमा त्यस पशुको शक्ति वा रोमन क्याथोलिक चर्चले धर्मको नाउँमा कति वर्षसम्म मानिसहरूलाई दमन गर्नेछ भनेर देहायका पदहरूले देखाउँदछ? हेर्नुहोस्, "४ मानिसहरूले अजिङ्गरको पूजा गर्दथे, किनकि त्यसले आफ्नो अधिकार पशुलाई दिएको थियो। तिनीहरूले यसो भन्दै पशुको पूजा गरे, "यो पशुजस्तो अरू को छ? यसको विरुद्धमा को लड्न सक्ने?" त्यसलाई अहङ्कारी र ईश्वर-निन्दक शब्दहरू उच्चारण गर्ने मुख दिइयो। *त्यसलाई बयालीस महिनासम्म अधिकार चलाउने अनुमति दिइयो*।" प्रकाश १३:४,५; "त्यो स्त्रीचाहिँ उजाड-स्थानभित्र भागी, जहाँ एक हजार दुई सय साठी दिनसम्म त्यसको पालनपोषण होस् भनेर परमेश्वरले त्यसको लागि ठाउँ**

**तयार राख्नुभएको थियो...तर त्यस स्त्रीलाई त्यस सर्पको सम्मुखबाट उजाड-स्थानमा उड़ेर जानलाई ठूलो गरुडका दुई पखेटा दिइए। त्यो उजाड-स्थान साढ़े तीन वर्षसम्म त्यस स्त्रीको पालनपोषणको निम्ति तयार गरिएको थियो।" प्रकाश १२:६,१४ र "२५ उसले सर्वोच्चको विरुद्धमा बोल्नेछ र उहाँका पवित्र जनहरूलाई अत्याचार गर्नेछ र ठहऱ्याइएका समय र व्यवस्थाहरू फेर्न प्रयत्न गर्नेछ। पवित्र जनहरू साढ़े तीन वर्षसम्म* उसको हातमा सुम्पिइनेछन्।" दानिएल ७:२५।**

पशुले आफ्नो बिगिबिगी इतिहासको निश्चित समयसम्म चालिनेछ भनिएको छ। भविष्यवाणीमा एक दिनको अर्थ एक अक्षरस वर्ष हुन्छ। गन्ती १४:३४मा प्रत्येक दिनको अर्थ एक वर्ष भनेर लेखिएको छ। यो बाइबलको निति हो। फेर परमेश्वरले इजकिएल ४:६मा परमेश्वरले भन्नुभएको थियो, "मैले तिमीलाई एक दिन भनेको एक वर्ष निर्धारण गरिदिएको छु।" यो समयको नियमले बाइबलमा भएका भविष्यवाणीहरूलाई ठिकरूपमा बराबर व्याख्या गर्न दिएको हुन्छ। दानिएल ९:२४-२७को ७० हप्ताको भविष्यवाणीको व्याख्या गर्न त्यही नियम लागु गरिएको छ। प्रकाश १३:५मा उल्लेख गरिएको ४२ महिनालाई हिसाब गर्दा १२६० भविष्यवाणीका वास्तविक दिन वा वर्षहरू भन्ने बुझाउँछ। पौराणिक क्यालेन्डरमा ३० दिनलाई एक महिना र ३६० दिनलाई एक वर्ष भनेर मानिएको छ।

चौथो शताब्दीमा रोमको सम्राट् कनस्टेटिनले सारा रोमी साम्राज्यमा इसाई धर्मलाई कानुनी मान्यता दिएको थियो। जब उनले आफ्नो राजधानी बाइजन्टियमा सन ३३०मा सारेका थिए। उनले उनको साम्राज्यको पश्चिमी र पूर्वीय भाग मिलाउन त्यसो गरेको थियो। तर पहिलाको राजधानी रोममा नेतृत्व खालि भएको थियो। त्यसको नेतृत्व रोमन क्याथोलिक चर्चको सर्वोच्च धर्मगुरु पोपले लिएकोले त्यो खालि पुरेको थियो। उनी शक्तिशाली धार्मिक नेतामात्र भएन युरोपभरि उनले आफ्नो राजनेतिक शक्तिको विगिविगी चलाएका थिए। रोमको सम्राट् जस्टिनियनले सन् ५३८मा पोपलाई आधिकारिकरूपमा बिशपको उपाधी दिएका थिए। त्यसको अर्थ रोमन क्याथोलिक इसाईको धर्मको रक्षक उनलाई बनाइएको थियो। मध्यकालिन युगमा रोमन क्याथोलिक चर्चले बाइबललाईमात्र विश्वास गर्ने इसाईहरूमाथि जबरजस्ती प्रभुत्व जमाएका थिए। यो अवधी सन ५३८देखि १७९८सम्म रह्यो। त्यस अवधीमा रोमन क्याथोलिक चर्चले करौंडौ बाइबलसम्म इसाईहरूलाई भयानक सतावट दिएको

थियो। अनि फ्रान्सको सम्रातको सेनापति बर्थीरियरले पोपलाई सन् १७९८मा बन्दी बनाए। यसले भविष्यवाणी ठिक समयमा पूरा गरेको देखाउँछ।

बर्थियर र उनको सेनाले पोप पायस छैथौंलाई युद्धबन्धक बनाएर आधिकारिक रूपमा उनलाई रोमको पोपिय सिंहासनबाट अपदस्थ गरिएको थियो। रोमन क्याथोलिक चर्चको निम्ति यो ठूलो धक्का थियो। तर प्रकाश १३:१२ अनुसार मरनासन्न घाऊ निको हुनेछ भनेर भविष्यवाणी गरिएकोछ। त्यो घाइटे घाऊ निकोभएर संसारमा फेरि आफ्नो शक्तिको बिगिबिगी बसाल्नेछ भनेको सन्देश यथावत नै छ।

**बाइबलको भविष्यवाणी कस्तो अचम्मको छ र परमेश्वरलाई भविष्यका घट्नाहरूको ज्ञान भएको हामीलाई प्रकट गरेको सोच्नुहोस्। यसले परमेश्वरका प्रतिज्ञाहरूमाथि हामी भरोसा राख्न सक्छौं भनेर हामीलाई कसरी सिकाउँदछ? कतिपय भविष्यवाणीहरू पूरा नभएको हामीले देखेतापनि तिनीहरू पूरा हुनेछ भन्ने विषयमा हामी कसरी धुक्क हुन सक्छौं?**

## २. पतन हुने

पावलले देहायका पदहरूमा अन्तिम दिनहरूमा के हुनेछन् भनेर भविष्यवाणी गरेका छन्। पशु अर्थात् ख्रीष्ट विरोधी पशुको चिनारी ती पदहरूमा कसरी दिएका छन्? हेर्नुहोस्, "२ कि कुनै अगमवाणी वा वचन वा कुनै पत्रले प्रभुको दिन नजिक आएको छ भनी बतायो भने, ती हामीबाट आएका भन्ठानेर तिमीहरूको मन चाँड़ै विचलित नहोस् अथवा तिमीहरू नआत्तिओ। ३ कसैले कुनै किसिमले तिमीहरूलाई धोका नदेओस्। किनकि पहिले विद्रोह नभएसम्म पापको मानिस, अर्थात् सर्वनाशको छोरो प्रकट नभएसम्म त्यो दिन आउनेछैन। ४ त्यसले ईश्वर कहलिएका सबै अथवा पूज्य वस्तुहरूको विरोध गर्छ र तीभन्दा आफैलाई उच्च तुल्याउँछ, यहाँसम्म कि आफैलाई परमेश्वर नै घोषणा गरेर परमेश्वरको मन्दिरमा त्यो बस्छ।... ९ शैतानको कामकाजबमोजिम पापको मानिस सारा शक्ति र छलपूर्ण चिन्हहरू र चमत्कारसहित, १० र नाश हुनेहरूलाई छलमा पार्ने समस्त दुष्टतासहित आउनेछ, किनकि तिनीहरूले सत्यलाई प्रेम गर्न र त्यसरी बाँच्न इन्कार गरे। ११ यसैकारण तिनीहरूले झूटा कुरामा विश्वास गरून् भनेर परमेश्वरले तिनीहरूमाथि एक शक्तिशाली भ्रम पठाउनुहुन्छ, १२ ताकि सत्यमाथि विश्वास नगर्ने, तर अधार्मिकतामा आनन्द मनाउने सबै जना दोषी ठहरिऊन्।" २ थेसलोनिकी २:२-३,९-१२।

परमेश्वरको वचनको सत्यबाट पतन हुने बारेमा इसाई समूदायलाई प्रेरित पावलले जनाउ दिन्छ। भ्रष्ट इसाईको बिउ नयाँ करारको चर्चमा ने रोपीसकेका थिए। त्यसप्रति उनी चिन्तित थिए। त्यो बिउ बढ्दै बढ्दै गएर येशू दोस्रो पल्ट नआउँञ्जेल फस्ताउने छ भन्ने विषयलाई येशूभक्तहरूलाई पावलले चेतावनी दिएका थिए। त्यसको अर्थ इसाई चर्चमै नकली सुसमाचार घुस्नेछ र परमेश्वरको वचनलाई उल्टापुल्टा गरेर मानिसहरूलाई भ्रममा पार्नेछ भनेर पावलले अग्रिम सूचना दिएका थिए।

चर्चलाई भ्रष्ट पार्ने र बिगार्ने तथा बाइबलको सत्यलाई अनेकौं अर्थ लगाएर चर्चलाई टुक्रा टुक्रा पार्न सैताननै जिम्मेवारी छ। सैतान सही "पापको मानिस" हो र "आफूलाई परमेश्वरभन्दा माथि राख्दछ" र "परमेश्वरको मन्दिरमा" बस्दछ (२ थेस्सोलिनिकी २:४)। तर त्यस महान् धोखेबाज आफै प्रकट भएर होइन मानव माध्यमहरूलाई प्रयोग गरेर उसका लक्ष्यहरूलाई पूरा गर्दछ। दानिएल ७को सानो सिङ्ग र प्रकाश १३ र १४को पशु र २ थेस्सोलोनिकीमा उल्लेख गरिएको सर्बनाशको छोरो वा परमेश्वरको आज्ञालाई अवैध मानेर चल्ने तत्व एउटै हो।

*द एसडिएक कमेन्टरीमा* यसरी लेखिएको छः "परमेश्वरको विरुद्धमा हाँक दिने शक्ति मूर्तिपूजा गर्ने रोम पछि आउने भनेर दानिएलको भविष्यवाणीसँग तुलना गर्दा यूहन्नाले दिव्यदर्शनमा देखेका चितुवा जस्तो पशुको चित्रणमा प्रकट गरिएका ती विवरणहरूमा धेरै समानता छ। ती विवरणहरूमा सानो सिङ्ग, पशुको शक्ति र विधिको शासन नमान्ने वा पापको मानिस छन् जुन एउटै शक्तिलाई औंल्याएको छ। यसले हामीलाई के निश्कर्षमा पुऱ्याउँछ भने दानिएल, पावल र यूहन्नाले एउटै शक्तिको बारेमा चर्चा गरेका छन्, त्यो शक्ति हो रोमन क्याथोलिक चर्चको पोप।"- ठेली ७, पृ. २७१।

बाइबलको भविष्यवाणीमा जब भ्रष्ट धार्मिक भनेर उल्लेख गर्दछ तब इसाई धर्मको निकायलाई सम्बोधन गर्दछ। जुन इसाई धर्मको निकायले परमेश्वरको वचनलाई विभिन्न दर्शन वा तर्कहरूले प्रदुषित गर्छ, सुमाचारको बदलीमा अर्थात येशूमाथि विश्वास गर्दामात्रै मुक्ति पाइन्छ भन्ने शिक्षालाई वेवास्ता गरेर अनेकौं मानविय परम्परा वा मुक्ति पाउन आफूले अनेकौं प्रयास वा विधिहरू अपमनाउनुपर्छ भन्ने शिक्षालाई घुसाउँदै बाइबलको सत्य शिक्षालाई पन्छाउँछ, त्यो इसाई भनेर नै दावी गरेतापनि परमेश्वरको खिलाफमा गइरहेको हुन्छ भन्ने कुरा याद गर्नु धेरै महत्त्वपूर्ण छ। ती भविष्यवाणीहरू विश्वासै गर्न नसक्ने प्रेमको परमेश्वरले दिनुभएको हो किनभने येशूको

आगमनमा तिनीहरू तयार भएर बस्न सकुन् भन्ने उहाँको चाहना हो। ती भविष्यवाणीहरू भ्रष्ट धार्मिक निकायहरूको निम्ति आपत्तीजनकछन्। ती निकायहरू परमेश्वरको वचनबाट बिचलित भएका छन्। तर ती निकायहरूमा परमेश्वरका जनहरू पनि छन् भनेर हामीले मान्नुपर्दछ (प्रकाश १८:४)। यी मानिसहरू छलमा परेतापनि ख्रीष्टले तिनीहरूलाई धेरै माया गर्नुहुन्छ। त्यसकारण, ती निकायहरूमा रहेका विश्वासीहरूलाई परमेश्वरले जस्तै व्यवहार गर्नु आवश्यक छ।

**"मानिसहरूले तिमीहरूसँग जस्तो व्यवहार गरून् भन्ने तिमीहरू चाहन्छौ, तिमीहरूले पनि तिनीहरूसँग त्यस्तै व्यवहार गर, किनभने यही नै व्यवस्था र अगमवक्ताका शिक्षाको सारांश हो।" मत्ती ७:१२। प्रकाश १४ र १४मा पशुको शक्तिको विगिविगी भएतापनि त्यसको मातहतमा रहने इसाईहरूप्रति हाम्रो व्यवहार कस्तो हुनुपर्छ भनेर येशूको वचनले कसरी सिकाउँछ?**

## ३. सैतानको अन्तिम रणनीती

**कतिपय मानिसहरू** संस्था र सरकारमाथि गहिरो भरोसा नभएको विभिन्न सर्वेक्षणले देखाएको छ। "यस संसारमा शासन गर्न नैतिकरूपमा योग्य को छ र," भन्ने करोडौंको जिज्ञासा छ। तर धार्मिक र राजनैतिक शक्तिहरूलाई एक गरेर संसारलाई नैतिकरूपमा नेतृत्व दिन्छ भनेर विश्वास दिलाउने शक्ति पशु हो भनेर प्रकाशमा लेखिएको भविष्यवाणीहरूले पहिचान गरिदिएकोछ।

**प्रकाश १७:१२-१४ पढ्नुहोस्। पृथ्वीको अन्त्यको इतिहासमा हुने अन्तिम दृश्यहरू यूहन्नाले कसरी वर्णन गर्दछ? यहाँ वर्णन गरिएको दृश्यहरूमा के प्रभावकारी भिन्नताहरू छन्? हेर्नुहोस्, "१२ "तिमीले देखेका ती दश वटा सीङचाहिँ दश राजाहरू हुन्, जसले अहिलेसम्म राजकीय शक्ति पाएका छैनन्। तर तिनीहरूले त्यस पशुसँग छोटो समयको निम्ति राजाकै अधिकार पाउनेछन्। १३ तिनीहरू एकै मनका छन्, र तिनीहरूले आफ्नो शक्ति र अधिकार त्यस पशुलाई सुम्पनेछन्। १४ तिनीहरूले थुमाको विरुद्धमा युद्ध गर्नेछन्, र थुमाले तिनीहरूलाई जित्नुहुनेछ, किनकि उहाँ प्रभुहरूका प्रभु र राजाहरूका राजा हुनुहुन्छ। उहाँको साथमा हुनेहरूचाहिँ बोलाइएका, चुनिएका र विश्वासयोग्य हुन्।" प्रकाश १७:१२-१४।**

यूहन्नाले तीन महत्त्वपूर्ण विषयहरू औंल्याउँछन्। पहिलो, राजनैतिक शक्तिहरू एक भएर पशुलाई तिनीहरूको शक्ति र अधिकार दिन्छ। दोस्रो, ती

गलत प्रवृत्तिको गठबन्धनले थुमारूपि येशूसँग युद्ध गर्छ। तेस्रो, पृथ्वीको अन्तिम युद्धमा ख्रीष्ट र उहाँका जनहरू विजयी हुन्छन्। पशू जित्दैन; येशूले जित्नुहुन्छ।

राष्ट्रहरूलाई एक पार्ने सैतानको रणनीति कस्तो छ के तपाईंले कहिल्यै सोच्नुभएको छ? इतिहास प्रायजसो दोहोरिन्छ। रोमन साम्राज्यको बिघटनबाट हामी महत्त्वपूर्ण पाठ सिक्न सक्दछौं। जब उत्तरबाट जर्मनहरूले आक्रमण गरेर पश्चिमी युरोपलाई तहसनहस पारे तब रोमको सम्रात कनस्टेन्टिनले आफूलाई धर्मतिर लगाए। चर्चको आधिपत्य र रोमी सरकारको एकता नै कन्सटेटाइनलाई चाहिने औजार थियो। चौथो शताब्दीमा सूर्यपूजा गर्ने दिन आइतबारलाई चर्चमा घुसाएर त्यस दिनलाई पवित्र दिन भनेर घोषणा गर्नुको अर्थ रोमी साम्राज्यलाई धर्म र राजनीतिको गठबन्धनले एक गर्ने सम्रातको नियत थियो। रोमी साम्राज्य एक भएको कन्स्टैटिनले चाहेको थियो र रोमन क्याथोलिक चर्चले रोमी साम्राज्य इसाई धर्ममा "परिवर्तन" भएको चाहेको थियो। प्रख्यात इतिहासबिद अर्थर विगलले यसरी स्पष्टरूपमा आफ्नो भनाइ राख्दछन्, "रोमन क्याथोलिक चर्चले आइतबारलाई नै पवित्र बनाए....यही दिन रोमीहरूले सूर्यको पूजा गर्ने हप्तैपिछे आउने पर्व थियो। मूर्तिपूजा गर्नेहरूको पर्वहरूलाई चर्चमा गाभ्नु रोमन क्याथोलिक चर्चको नीति थियो। मानिसहरूले मानेको परम्परालाई चर्चमा घुसाएर इसाई धर्ममा पनि ती परम्पराहरू महत्त्वपूर्ण छ भनेर जनमानसमा फैलाउनु चर्चको खास नीति थियो।" *द पेगानिजम इन आवर क्रिस्टियानिटी* (न्यु योर्कः पुतनाम, १९२८), पृ. १४५।

जब महान् सङ्कटको समयमा संसार डराइरहेको हुन्छ, मानिसहरूमा शारीरिक, मानसिक र भावनात्मक पीडा भइरहेको हुन्छ, जताततै भयाभव देखिरहेको हुन्छ, तब त्यसबेला सबै मानिसहरूले स्थायीत्व र सुरक्षाको निम्ति कोही आओस भनेर चाहना गरिरहेको हुन्छ। जब कोही आउँछ त त्यो निरङ्कुस हुन्छ। बिगतमा निरङ्कुस शक्तिको उदय भएको थियो र पछि फेरि त्यही हुन्दैन भन्ने कारण छैन। अन्तिम घट्नाहरूको बीचमा कोही न कोही उदय भएर मानिसहरूको ध्यान त्यतातिर फर्काउनेछ भनेर भविष्यवाणी नै छ।

सबै कुराहरू कसरी उघारिनेछ भनेर कल्पना गर्नु त त्यस्तो सजिलो छैन। तैपनि महान् परिवर्तन भएको संसारले हेरिरहेको छ। त्यो परिवर्तन पनि धेरै छिटो गतिले भएको पनि संसारले अनुभव गरिरहेको छ। सबै थोक कसरी

आउँदैछ भन्ने कुरामा हामीसँग विस्तृत जानकारी नभएतापनि जे हुनेछ त्यसको निम्ति हामी तयार रहनु जरुरी छ।

## ४. पशुको छाप

**पशुको छाप कहाँ लगाइन्छ? हेर्नुहोस् प्रकाश १४:९सँग प्रकाश १४:१२ तुलना गरेर। पशुको छाप पाउनेहरूको विपरित परमेश्वरका जनहरूको दुई चरित्रहरू के हुन्? हेर्नहोस्, "त्यसपछि तेस्रा स्वर्गदूत चर्को सोरले यसो भन्दै तिनीहरूका पछि आए, "यदि कुनै मानिसले त्यो पशु र त्यसको मूर्तिलाई पुज्यो र निधार वा हातमा त्यसको छाप लियो भने।" प्रकाश १४:९ र "परमेश्‍वरका आज्ञाहरू पालन गर्ने र येशूमाथि विश्वास राख्ने सन्तहरूको धैर्य धारण यसैमा छ।" प्रकाश १४:१२। यही सन्दर्भमा देहायका पदहरू पनि ख्याल गर्नु आवश्यक छः व्यवस्था ६:८, "ती आफ्ना हातमा चिन्हको लागि कसिराख। ती तिमीहरूको निधारमा बाँधिराख।", व्यवस्था ११:१८ "परमप्रभुको दृष्टिमा जुन-जुन कुरा ठीक र असल छन् त्यही गर, ताकि तिमीहरूको कल्याण होस्, र तिमीहरूका पितापुर्खासँग परमप्रभुले शपथ खाएर प्रतिज्ञा गर्नुभएको त्यो असल देश तिमीहरूले कब्जा गर।"**

एक जना समूहले पशुको पूजा गर्छ भने, अर्कोले परमेश्वरका आज्ञाहरू पालन गर्छन् र येशूमा भएको विश्वास तिनीहरूमा पनि हुन्छ। ती आज्ञाहरूमा चौथो आज्ञा पनि हो जुन पशुको शक्तिले परिवर्तन गर्न खोजेको थियो। भिन्नता यसैमा छ। समुद्र र जमिनबाट उदय भएका पशुहरूद्वारा सैतानले परमेश्वरको आधिकारिकताको केन्द्रविन्दुलाई नै आक्रमण गर्दछ। त्यो केन्द्रविन्दु हो, साबथ। पशुको छाप कि त निधारमा कि त हातमा लगाइन्छ। निधार भनेको दिमागको प्रतिक हो। यहीं नै विवेक, तर्क र के ठिक छ छैन छुट्याउने चेतना हुन्छ। हातमा छाप लगाउनु भनेको काम र क्रियाकलापलाई जनाउँछ।

दिन आउँदैछ, हामीले सोचेको भन्दा छिटै हुन सक्छ जब क्योथोलिक चर्चका धर्मगुरुहरू र राज्यसँग मिलेर कानुन पारित गर्नेछ जसले गर्दा हाम्रो धार्मिक स्वतन्त्रलाई कडा गरिनेछ। जो मानिसहरू आफ्नो स्वविवेक अनुसार परमेश्वरको वचनलाई पछ्याउँछन् र परमेश्वरको सत्य साबथलाई पालन गर्छन् तिनीहरूलाई गठबन्धन र समाजको हितको विरोधी भनेर तह लगाउनेछ।

"जो मानिसहरू बाइबलको साबथलाई सम्मान गर्छन् र पालन गर्छन् तिनीहरू देशको कानुन र व्यवस्थाका शत्रुहरू हुन् भनेर दोष लगाउनेछन्। तिनीहरू समाजको नैतिक, मूल्यमान्यतालाई नमानेर समाजलाई भ्रष्ट पार्छन्, समाजको संरचनालाई तहस नहस गर्छन् र तिनीहरूमाथि परमेश्वरका न्याय खनिनु पर्छ भनेर अधिकारवालाहरूले आवाज उठाउनेछन्। येशूका कर्मठ विश्वासीहरूले आफ्नो स्वविवेकलाई प्रयोग गर्दा तिनीहरू हठी, जिद्दीवाल र राज्य सरकारको विरोधी भनेर दोष लगाउनेछ। तिनीहरू राष्ट्रद्रोही हुन् भनेर आरोप लगाउनेछ।"-एलेन जी ह्वाइट, *द ग्रेट कन्त्रोभर्सी,* पृ. ५९२।

आइतबार धार्मिक अख्तियारको चिन्ह हो भनेर रोमको चर्चले दावी गर्छ। आफ्नै अधिकारले हप्ताको सातौं दिनबाट आइतबारमा सारिएको भनेर रोमन क्याथोलिक चर्चले दावी गर्छ। धर्मको मामिलामा परमेश्वरबाट शक्ति र अधिकार पाएर नै रोमन क्याथोलिक चर्चले शनिबार साबथबाट आइतबारमा सारिएको हो र आइतबार रोमन क्याथोलिक चर्चको चिन्ह हो भनेर पाश्चत्य देश रोमको चर्चले दावी गर्छ। (*अमेरिकन क्याथोलिक क्वार्टर्ली रिभ्यु* जनवरी १८८३)।

भविष्यमा अन्तराष्ट्रिय सङ्कटमा हाम्रो संसारमा राजनैतिक, सामाजिक, धार्मिक र नैतिकरूपमा आमूल परिवर्तन हुनेछ भनेर प्रकाशको पुस्तकले बताउँदछ। त्यसबेला सबै जना आइतबारलाई नै मान्नुपर्छ भन्ने कानुन लाडिनेछ र अनि पशुको छाप सक्रिय हुनेछ। ती सबै कसरी हुनेछ भनेर हामीलाई बताइएको छैन। बाइबलले ठूलो रूपरेखामात्र हामीलाई दिइएको छ, तर महान् विवादको संग्रामको चुलीमा पशुलाई पूजा गर्ने हो कि सातौं दिन साबथको सृष्टिकर्तालाई पुज्ने हो भन्ने विषयले मूख्य भूमिका खेल्नेछ भनेर हामीलाई देखाएकोछ।

**विश्वको इतिहासलाई सरसरती हेरियो भने संसारमा जहिले पनि दुई थरीका मानिसहरूको समूहरू भएको देखिएको छ। एक थरी परमेश्वरको पक्षमा लाग्ने र अर्को सैतानको पक्षमा। मध्यम मार्ग किन छैन? हामी कसको पक्षमा उभिरहेकाछौं भनेर हामी कसरी ढुक्क हुने?**

## ५. साबथले ल्याउने परिक्षा

अहिले नै सायद, आउने सतावतको निम्ति भूमिका तयार भइरहेको छ। जुन ६, २०१२मा पोप बेनिडिक्ट सोर्‌हौले रोमको सेन्ट पिटर्स स्क्वायरमा भेला भएका १५००० मानिसहरूलाई एउटा घोषणा वा अनुरोध

गरेका थिए। प्रत्येक मानिसले आइतबार नै विश्रामको दिन भनेर पालन गर्नुपर्छ र आफ्नो परिवार र परमेश्वरसँग रहन त्यो दिन स्वतन्त्र हुनुपर्छ भनेर बोलेका थिए। उनको भनाइ थियो, "आइतबारको पक्षमा उभिनु भनेको मानव स्वतन्त्रताको पक्षमा उभिनु हो।" बाइबलीय साबथको खिलाफमा यही दिन सबैले पालन गर्नुपर्छ भनेर उनले नउस्काएतापनि आइतबारलाई नै "विश्रामको दिन" हो भनेर उनले बताउँदा परमेश्वरको वचनलाई उनले कसरी सरासर उल्लङ्घन गरेका थिए भनेर बताउँदछ। ढिलो वा चाँडो आइतबारे कानुन पारित गर्नेछ। आफ्नो स्वविवेक प्रयोग गरेर परमेश्वरको वचनलाई पछ्याउने र सत्य साबथलाई पालन गर्ने जनहरूलाई समाजको हितको विद्रोहीहरू भनेर दोषारोपण गरिनेछ।

यस संङ्कटको घडीमा, परमेश्वरप्रति निष्ठा भएका जनहरूलाई उहाँको अनुग्रहले उहाँलाई नै पछ्याउने भन्ने विश्वासमा अडिग भएर बस्नेछन्। जुनसुकै दवाव र सतावतमा पनि तिनीहरूले आफ्नो आस्था त्याग्नेछैन।

पशुको छापको विपरित तिनीहरूले परमेश्वरको लालमोहर छाप पाउनेछन्। लाहा छाप पौराणिक समयमा कागजपत्रको आधिकारितालाई जनाउन लगाइन्थ्यो। उहाँको लाहा छापमा परमेश्वरको व्यवस्था कुँदिएको हुन्छ भनेर हामीले अपेक्षा गर्न सक्छौं। पौराणिक समयमा लाहा छाप देश वा सरकारको आधिकारिक चिन्ह थियो। अगमवक्ता यशैयाले भन्छन्, "यो गवाही-पत्र बाँधिदेऊ र यो व्यवस्था मेरा चेलाहरूका बीचमा बन्द गरेर त्यसमा मोहोर लगाइदेऊ।"

**प्रस्थान २०:८-११मा के बाइबलीय तत्वहरू साबथ आज्ञाको छापमा छन् सो हेर्नुहोस्। साबथ आज्ञा अरू सबै आज्ञाहरूभन्दा किन फरक छ? हेर्नुहोस्, "८ "शबाथ-दिन पवित्र मान्नुपर्छ भनी याद राख्नू। ९ छ दिनसम्म परिश्रम गरेर आफ्ना सबै काम गर्नू, १० तर सातौँचाहिँ दिन परमप्रभु तिमीहरूका परमेश्वरको निम्ति शबाथ-दिन हो। त्यसमा तिमीहरूले केही काम नगर्नू, न त आफ्नो छोराले, न छोरीले, न कमारा-कमारीले, न गाईबस्तुले, न मूल ढोकाभित्र भएको परदेशीले केही काम गरोस्। ११ किनकि छ दिनमा परमप्रभुले आकाश, पृथ्वी, समुद्र र तिनमा भएका सबै थोक बनाउनुभयो, तर सातौं दिनमा चाहिँ विश्राम गर्नुभयो। त्यसकारण परमप्रभुले शबाथदिनलाई आशिष् दिनुभयो, र त्यसलाई पवित्र गर्नुभयो।"**

चौथो आज्ञामा परमेश्वरको अख्तियारको लालमोहर हो भनेर देखाउन तीन तत्वहरू समावेश भएका छन्। पहिलो, छाप कसको हो भनेर देखाउँछः

"तिम्रो प्रभु परमेश्वर (प्रस्थान २०:१०)। दोस्रो, छाप हुनेको दर्जा वा अधिकार हुनेको कामः परमेश्वरले सृष्टि गर्नुभयो (प्रस्थान २०:११) वा उहाँ सृष्टिकर्ता हुनुहुन्छ। तेस्रोमा छाप लाउनेको क्षेत्रः "आकाश वा नक्षेत्रहरू र पृथ्वी, समुद्र र त्यहाँ भएका यावत थोहरू" (प्रस्थान २०:११)। प्रकाश ७:१—३ अनुसार परमेश्वरको लालमोहरको छाप केवल हाम्रो निधारमामात्र लगाइनेछ। यो हाम्रो चेतनशील दिमागको प्रतिक हो। हाम्रो आत्मनिर्णयको स्वतन्त्रतालाई येशूले सम्मान गर्नुहुन्छ। पवित्र आत्माद्वारा हाम्रा दिमागहरूमा उहाँको इच्छा बमोजिम ढालियोस् ताकि परमेश्वरको वचनमाथि राखिएको हाम्रो विश्वास नडगमगियोस् भनेर येशूले हामी सबैलाई आह्वान गर्नुहुन्छ। यसरी परमेश्वरका आस्थावान सन्तहरू ती हुन् भनेर हामी बुझ्न सक्दछौं, "जसले आज्ञाहरू पालन गर्छन् र येशूको विश्वास हुन्छ" (प्रकाश १४:१२)। ती आज्ञाहरूमा चौथो आज्ञा पनि छ जुन पशुको शक्ति वा रोमन क्याथोलिक चर्चले परिवर्तन गर्न सोचेको थियो (दानिएल ७:२५)।

**अहिले नै कुन परिस्थितीहरूको सृजना भइरहेको तपाईंले देख्नुहुन्छ जसले धार्मिक स्वतन्त्रतालाई खलबलाउँछ? के बाधाहरू अझै हुन सक्छन् भनेर हामीलाई के थाहा छ?**

**उपसंहार:**

**थप जानकारी:** "जब सुधारवादी वा प्रोटेस्टेन्ट चर्चहरूका इसाईहरूले आफ्ना हातहरू बढाएर रोमन क्याथोलिक चर्चसँग मिल्दछ वा हातेमालो गर्दछ, जब दुवै प्रोटस्टेन्ट र रोमन क्याथोलिक चर्चले अध्यात्मवाद वा तन्त्रमन्त्र गर्ने वा दुष्टआत्मासँग चलखेल गर्ने धर्म वा दर्शनसँग हात मिलाएर तीन धार्मिक तत्वहरू एक हुन्छन् तब हाम्रो देशले (अमेरिका) संविधानको प्रत्येक नीति वा धारालाई कुल्चि दिनेछ। प्रोटेस्टन्ट र रिपब्लिकन राजनैतिक पार्टी सरकार एक भएर पोपको जुटा शिक्षाहरू र छलहरूलाई फैलाउन अमेरिकाले प्रावधान बनाउनेछ। जब प्रोटेस्टेन्ट चर्चहरू, रोमन क्याथोलिक चर्च र दुष्टआत्माले परिचालन गरेको धर्ममा एकता हुन्छ, तब सैतानले अचम्मका कामहरू गर्नेछन् र यसले युगको अन्त नजिकै छ भनेर ठान्नुपर्दछ।"-एलेन जी ह्वाइट, टेस्टिमोनिज फर च चर्च, ठेली ५, ४५१।

"कतिपय समयमा परमेश्वरको विरुद्धको शक्तिलाई मान्य दिएर आराधना गर्नु हो भनेरमात्र भनेर हामी हल्का पाराले लिन्छौं यो प्रकाशको पुस्तकको धारणा अनुसार आइतबार अत्यन्तै महत्त्वपूर्ण चिन्ह हो। अजिङ्गरको विश्वासै गर्न नसकिने छली चाल र सारा जनसमूदायलाई मनमुग्ध पार्ने कदम आइतबारलाई मान्न लगाउने हो।

हेर्दा आइतबारको मामिला हल्का र सरल भएतापनि अजिङ्गर वा सैतानले परमेश्वरको व्यवस्थालाई परिवर्तन गर्ने नीतिले परमेश्वरप्रति अत्यन्तै घृणालाई भएको देखाउँछ।

जगत ब्रम्हाण्डमा भइरहेको भिषण संघर्षको मूल विषयबस्तु नै यो हो। हेर्दा सानो देखिने तर त्यसमा महान् छल लुकिएको छ। आफू नै सत्य पूजनीय व्यक्ति हो भनेर जगतब्रम्हाण्डमा परमेश्वरको स्थानलाई उल्ट्याउन खोजेको थियो। परमेश्वरको व्यवस्था उचित छैन र त्यसलाई परिवर्तन गर्नुपर्छ भनेर उसैले जिद्दी गरेको थियो। परमेश्वर सृष्टिकर्ता र मुक्तिदाता हुनुहुन्छ भनेर पहिचान गराउने दश आज्ञाभित्रको चौथो आज्ञालाई मूर्तिपूजा गर्ने रोम र इसाई भनेर दावी गर्ने रोमन क्याथोलिक चर्चको आडमा सैतानले परिवर्तन गरेको थियो। परमेश्वरमात्र आराधनाको योग्य हुनुहुन्छ भनेर पहिचान गराउने आज्ञा केवल चौथो आज्ञामात्रै छ (प्रस्थान २०:८-११; व्यवस्था ५; प्रकाश ४:११; ५:९,१३,१४)। व्यवस्थालाई परिवर्तन गर्दा सैतानले परमेश्वरको चाहनप्रति घृणामात्र देखाएन उहाँ नै पूजनीय हुनुहुन्छ भन्ने धारणालाई नै उसले ध्वस्त पार्न खोजेको थियो। जब विश्वव्यापीरूपमा आइतबारे कानुन जारी गरेर परमेश्वरको व्यवस्थालाई परिवर्तन गरेको छ भनेर सैतानले देखाउँछ, तब परमेश्वरको प्रभुत्वमाथि आफू जितेको छ भनेर उसले दावी गर्नेछ।"- आन्जल म्यानुएल रोड्रिगे, "द क्लोजिङ्ग अभ द कस्मिक कन्फलिक्ट: रोल अफ द थ्री आन्जल्स मेसेजेज," अप्रकाशित लेख पृ. ५३,५४।

**चिन्तनमनन:**

अ. युगको अन्तमा हुने विभिन्न घट्नाहरू हुनेछ भन्ने अपेक्षा गरेको समयमा हामी रहेतापनि हमी समयलाई तोकेर वा बाइबलभन्दा बाहिरका अनेकौं अनुमानित तर्कहरू बोकेर हामी किन अतिवादी हुनुहुँदैन? यसमा खतरा के छ? मानिसहरूले अपेक्षा गरिएको समयमा घट्नाहरू भएन भने त्यसले विश्वासमा कसरी धक्का पुऱ्याउन सक्छ?

आ. कतिपय मानिसहरूले पशुको छाप र सतावट आउन सम्भव छैन भनेर सिकाउँदछन्। वर्तमान विश्वको परिवेशमा त्यो कसरी हुन सक्छ र भनेर तिनीहरूले प्रश्न गर्छन्। हेर्दा झट्टै ठिक भएको तर्क देखिएतापनि खास ठिक छैन भनेर कसरी यकिन हुने? विश्वघट्नालाई हेर्नुहोस् त, कति छिटो परिवर्तन भइरहेको छ?

# कथा १२

# बाइसाइकल चढ्ने रहस्यमय व्यक्ति

## भिरा, पोर्च्युगल



पढ्न र लेख्न नजान्ने वृद्ध दम्पत्ति आना र पेड्रोलाई भिराले बाइबल सिकाउन थालेकी थिइन्। तिनीहरूको छोरो बेनभेन्डोले बाइबल अध्ययन गर्न सहयोग गरेको थियो उसले बाइबलका पदहरू पढ्यो र जवाफहरू लेख्थ्यो।

पोर्च्युगालको दुर्गम क्षेत्रमा रहेको गाउँमा कोही पनि एडभेन्टिस्टहरू थिएन। त्यस गाउँमा १०० जना जति मानिसहरू थिए। त्यस गाउँका मानिसहरू सरल र इमान्दारी थिए। आफ्नो गाउँको टाढा रहेको एउटा सहरमाभन्दा ती मानिसहरू अन्त कतै गएका थिएनन्। त्यस ठाउँमा प्रभुको सुसमाचार सुनाउन एक वर्षको निम्ति भिरालाई खटाइएको थियो।

आना र पेड्रो ७० वर्ष नाघी सकेका थिए। तिनीहरूमा केही थियो जसले गर्दा भिराको ध्यान गएको थियो। जब बाइबल अध्ययनमा साबथको बारेमा चर्चा चल्यो तब आनाले बाइबलले सिकाएको अनुसार हप्ताको सातौं दिनलाई साबथ मान्न स्वीकार गरिन्। "हो, हो, यो सत्य हो भनेर मलाई थाहा छ," आनाले भनिन्। भिरा अचम्म मानिन्। गाउँका मानिसहरू परम्परालाई मानिरहन खोज्दथे। तर भिराले तिनीहरूको परम्पराको बारेमा केही भनिनन्। एक हप्तापछि बाइबल अध्ययन गर्ने क्रममा लेबी ११ मा उल्लेख गरिएको शुद्ध र अशुद्ध मासुको बारेमा अध्ययन गरियो। "यो हो, हो, मलाई थाहा छ यो सत्य हो," आनाले सुनाइन्। भिरालाई झन झन अचम्म लाग्यो र उनी चुप रहन सकिनन्। "हामीले अध्ययन गरेका सामग्रीहरू सत्य हो भनेर तपाईंलाई कसरी थाहा छ?" उनले सोधिन्।

आनाले आफ्नो कथा सुनाइन्: ६० वर्ष अघि एक जना मानिस उनको गाउँमा बाइसाइकल चढेर आएका थिए। उनी भर्खरकी थिइन्। उनी आएको दिन साबथमा थियो। त्यो मानिसले गाउँको भेटघाट गर्ने ठाउँमा उभेर प्रचार गरेका थिए। सुन्नेले सुनेका थिए। ती श्रोताहरूमा आनाको बुबा पनि थिए। बुबा घरमा गएर आफ्नै बाइबल लिएर पढ्न थाले र त्यस मानिसले भनेको

कुरो सत्य हो कि भनेर जाँचे। बुबालाई पढ्न लेख्न जान्दथे। त्यो बाइसाइकलमा चढेको मानिस एक साबथदेखि अर्को साबथमा आए। आनाको बाबुले प्रत्येक साबथ उनको वचन सुने र घरमा गएर आफ्नै बाइबलसँग उनको वचन तुलना गर्न थाले। त्यस व्यक्तिले केवल बाइबलको सत्यमात्र बोलेको बाबुले थाहा पाए। बाबुले आनालाई धेरै पल्ट भनेकी थिइन् "हामीलाई थाहा छ कि हप्ताको सातौं दिन पक्का साबथ हो। तिमीले थाहा पाउनुपर्छ कि हामी अशुद्ध मासु खानु हुन्न।"

भिरा अचम्म मानेर एडभेन्टिस्ट प्रचारकको बारेमा आनाबाट सुनिन्। उनको प्रचारले धेरै दशक पछि बाइबलप्रति आफ्नो आस्था जगाउन सकेको थियो। आनालाई थाहा थियो कि आफूले जे सुनिरहेको छ त्यो सत्य हो किनभने भिराले जे सिकाइन् सो उनको बुबाबाट नै सुनेकी थिइन्।

यस अनुभवबाट भिरा झुकिन्। येशूले उनीसँग बोलिरहेको जस्तो उनलाई लाग्यो, "जे कुरा भनिएको छ त्यो सत्य हो, 'एक जनाले बिउ रोप्छ अर्कोले कटानी गर्छ।' तिमीले परिश्रम नगरेको ठाउँमा कटानी गर्न मैले तिमीलाई पठाएको छु। अरूहरूले परिश्रम गरेका छन्। तिमीहरू तिनीहरूसँगै परिश्रम गर्न सरिक भएका छौ।" यूहन्ना ४:३७-३८।

धेरै वर्ष अघि अपरिचित मानिसले प्रचार गरेकोले आना र पेड्रोले बप्तिस्मा लिएको भिराले हेर्न पाएकी थिइन्। तिनीहरूको छोरो बेनभेन्डोले पनि बप्तिस्मा लिएको थियो।

आना र पेड्रोलाई भिराले कहिल्यै पनि बिर्सेनन्। उनको कामको सुरुमा बाइबल अध्ययन भएको थियो र त्यस अनुभवले भिराको विश्वास बलियो भएको थियो। आफूले गरेको कामको नतिजा तुरन्तै हुनुपर्छ भन्ने कुरामा उनी चिन्ता गरिनन्। उनको काम बिउ रोप्ने हो। त्यसको नतिजा परमेश्वरको हातमा नै छोड्नु बेस छ भनेर उनी चित्त बुझाएकी थिइन्।

"त्यस बाइसाइकल चढ्ने मानिस स्वर्गमा भेट्न म चाहन्छु। 'तपाईंले गर्नुभएको काम बेकार भएको छैन। तपाईंकै कारणले पछि भएतापनि मानिसहरूले बप्तिस्मा लिएका छन्'" सो उनलाई सुनाउन भिरा आशावादी छिन्।

*-आन्ड्रयु मेकचेस्नी*